
# उनन्तिसौं वार्षिक साधारणसभाको बिवरण (माईन्युट)

कम्पनी दर्ता नं· ७५/०५०/५१



## आ.व. २०७९/८०

## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

## डिल्लीबजार, काठमाण्डौं ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

## उनन्तिसौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु
## (माइन्यूट)

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूको सभापतित्वमा कम्पनीको उनन्तिसौं बार्षिक साधारणसभा मिति २०८० पौष २९ गते (तदनुसार १४ जनवरी २०२४ ई.सं.) आइतवार विहान १०:०० बजे देखि ११:०० वजेसम्म कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंको सभाकक्षमा सम्पन्न भयो। उनन्तिसौं बार्षिक साधारणसभामा उपस्थिति, छलफलका विषय सूचि, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपुरक सख्या, सभापतित्व, सभा सञ्चालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय(माइन्यूट) देहाय अनुसार रहेको छ।

१. **सभामा रहेको उपस्थिति**

क. **सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री शशिराज पाण्डे | अध्यक्ष |
| २. | श्री दिनेश राज जोशी | सञ्चालक |
| ३. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक |
| ४. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक |
| ५. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक |
| ६. | श्रीमती ममता अधिकारी | सञ्चालक |

ख. **पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री लिलामणि न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री खिम बहादुर कार्की | नायव कार्यकारी प्रमुख तथा क. सचिव |
| ३. | श्री अनिल जोशी | नायव कार्यकारी प्रमुख |
| ४. | श्री दुर्गा लम्साल | वरिष्ठ प्रवन्धक |
| ५. | श्री दुर्गा बहादुर राना मगर | वरिष्ठ प्रवन्धक |
| ६. | श्रीमती विजया श्रेष्ठ | श्रोत परिचालन प्रमुख |
| ७. | श्री बावुराम थापा | कर्जा प्रमुख |
| ८. | श्री संसार शर्मा | वित्त प्रमुख |
| ९. | श्री राजिव वन श्रेष्ठ | सूचना प्रविधि प्रमुख |

ग. **उपस्थित आमन्त्रितहरु**

| | | |
|---|---|---|
| १. | श्री सिताराम उपाध्याय तिवारी | कानुनी सल्लाहकार |
| २. | श्री प्रतिक खनाल, (पि एण्ड वि एसोसियट्स) | बाह्य लेखापरीक्षक |

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np


घ. **सभाको सूचना प्रकाशन**

१ सञ्चालक समितिको मिति २०८०/०९/०६ गते बसेको ३३७औं वैठकको निर्णय बमोजिम यस कम्पनीको उनन्तिसौं वार्षिक साधारणसभाको विषय-सूची सहितको सूचना मिति २०८०/०९/०७ गते शनिबारको राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिका" मा पहिलो पटक तथा मिति २०८०/०९/२३ गते सोमवार दोस्रो पटक "नेपाल समाचारपत्र" मा सूचना प्रकाशित गरिएको थियो । साथै, उक्त सूचना वित्तीय सस्थाको वेभसाइटमा पनि राखिएको थियो ।

२ उनन्तिसौं वार्षिक साधारणसभा बस्ने सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको "संक्षिप्त वार्षिक आर्थिक विवरण" शेयरधनी महानुभावहरुको कम्पनीको शेयर दर्ता कितावमा कायम रहेको ठेगानामा पठाइएको थियो । साथै, कम्पनीको वेभसाइटमा राखिएको थियो ।

३ कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाव एवं नगद प्रवाह विवरणहरु (अनुसूचीहरु सहित) उनन्तिसौं वार्षिक प्रतिवेदन तथा लेखा पुस्तिका २०७९/८० को रुपमा प्रकाशित गरी यस कम्पनीको वेभसाईट WWW.shreefinance.com.np मा राखिएको लगायत रजिष्टर्ड कार्यालय एवं सभास्थलबाट उक्त पुस्तिका शेयरधनीहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

ङ. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| | |
|---|---|
| कुल शेयरधनी सख्या | ८२११ |
| स्वयं उपस्थित शेयरधनी सख्या | १०४ |
| प्रोक्सी मार्फत उपस्थित शेयरधनी संख्या | १३५ |
| कुल शेयर सख्या | ९८,१६,८३२ |
| स्वयं उपस्थित शेयर सख्या | ३५,०३,१७६ |
| प्रोक्सी मार्फत उपस्थित शेयर संख्या | २४९५४१२ |
| जम्मा उपस्थिति संख्या | ५९९८५८८ |
| जम्मा उपस्थिति प्रतिशत | ६१.११ |

२. **सभाको बैधानिकता तथा सभापतित्व**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस कम्पनीको उनन्तिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयं उपस्थित भई हाजिरी जनाउने शेयरधनीको सख्या १०४ जना, प्रोक्सी मार्फत १३५ जना गरी कुल शेयरधनी २३९ जना, कुल शेयर कित्ता ९८,१६,८३२ मध्ये शेयर कित्ता ५९,९८,५८८ को ६१.११ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

को उपदफा ४ बमोजिम कम्पनीको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय काठमाडौंमा प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

त्यसपछि, नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूको सभापतित्वमा सभाको काम कारवाही अगाडि बढाइने व्यहोरा कम्पनी सचिवले जानकारी गराउदै उनन्तिसौं वार्षिक साधारण सभा शुरु गर्न सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

सभाध्यक्षज्यूले सभामा स्वयं उपस्थित हुनु भएका सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्य अगाडि बढाउनु भयो ।

३. **सभामा पेश भएको छलफलका बिषयहरु**

(क) **साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७९/८० को प्रतिवेदन छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७९/८० आषाढ मसान्तको बासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०८०/८१ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ५.०५% ले हुन आउने रु. ४,९५,७५,००१/६० (अक्षरेपी चार करोड पन्चान्नब्वे लाख पचहत्तर हजार एक पैसा ६०/१०० मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) बितरण गर्न स्वीकृति प्रदान गर्ने ।

ख. **विशेष प्रस्ताव**

१. श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा सशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

४. **सभामा मन्तव्य प्रस्तुति**

कम्पनीको उनन्तिसौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष श्री शशिराज पाण्डेज्यूले सभामा अध्यक्षको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन लगायत कम्पनी ऐन २०६३ को दफा १०९ तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ (अनुसूची १५) बमोजिमको प्रतिवेदन सभासमक्ष पेश गर्नु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात सभाध्यक्षज्यूले सभामा उपस्थिति शेयरधनी महानुभावहरुलाई आफ्नो मन्तव्य तथा सुझावहरु भए राख्न अनुरोध गर्नु भए अनुसार देहायका शेयरधनीहरुले सभामा आफ्नो मन्तव्य राख्नु भएको भयो ।

१. ***श्री रोज कुमार श्रेष्ठ***

- वर्तमान यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद साथै, आगामी वर्ष पनि यस्तै अपेक्षा रहेको ।
- वार्षिक प्रतिवेदनमा गत वर्षको साधारण सभाको खर्च भनि उल्लेख नभएको ।
- शेयरधनीको खाता निष्कृय (Dormant) भएको कारण लाभाँश फिर्ता भएको ।
- संस्थागत खाता निष्कृय (Dormant) भएको अवस्थामा खातावाललाई जानकारी गराउने व्यवस्था मिलाउनु हुन ।
- वार्षिक प्रतिवेदन छपाई धेरै खर्चिलो भएकोले छपाई खर्चमा मितव्ययीता अपनाउनु हुन ।

२. ***श्री महेन्द्र बहादुर श्रेष्ठ***

- यस्तो अवस्थामा पनि लाभाँश दिन सकेकोमा धन्यवाद ।
- कर्जा असूलीमा विशेष जोड दिनु पर्ने
- व्याजदर सहुलियत गर्नु पर्ने, निक्षेपको व्याजदर प्रतिष्पर्धी बनाउनु पर्ने
- आगामी वर्ष लाभाँशको मात्रा बढोस
- कतिपय मर्ज भएका कम्पनीमा समस्या देखिएकाले मर्जर नगरी कम्पनी Growth गर्नु हुन सुझाव
- जनताको पैसा भएकोले कर्जा प्रवाह गर्दा विशेष ध्यान दिनु हुन ।

शेयरधनीहरुले आफ्नो मन्तव्य राखिसके पश्चात निजहरुको मन्तव्य तथा सुझाव उपर सभाध्यक्षज्यूको आदेशानुसार कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री लिलामणि न्यौपानेज्यूले शेयरधनी महानुभावहरुको मन्तव्य तथा सुझावहरुको सम्बन्धमा जवाफ दिनु भएको थियो । प्रमुख कार्यकारी अधिकृतले दिनु भएको जवाफ पश्चात शेयरधनीहरुले साधारणसभामा पेश गरिने आजको प्रस्तावहरुतर्फ प्रवेश गर्न अनुरोध गर्नु भएपछि सभाध्यक्षज्यूबाट देहाय अनुसारको प्रस्तावहरु छलफल तथा निर्णयार्थ पेश गर्नु भएको थियो ।

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

५. उनन्तिसौं वार्षिक साधारणसभाको निर्णयहरु:

(क) **साधारण प्रस्ताव**

१. विषय-सूची नं. १ बमोजिम सभाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ दफा १०९ बमोजिम तयार पारिएको आ.व २०७९/८० को प्रतिवेदन तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ नियम २६ को उप-नियम (२) संग सम्बन्धित अनुसूचि १५ बमोजिमको प्रतिवेदन छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. विषय-सूची नं. २ बमोजिम सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका वित्तीय विवरणहरु र नेपाल बित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय बिवरणहरु र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. विषय-सूची नं. ३ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा PKF T.R. Upadhya & Co. Chartered Accountants. लाई बाह्य लेखापरीक्षण, Tax Audit, कम्पनी ऐन, २०६३ को दफा ७८ प्रमाणिकरण लगायत नेपाल धितोपत्र बोर्डमा पेश गर्नु पर्ने संस्थागत सुशासन अनुपालना प्रतिवेदन समेत प्रमाणित गर्न पारिश्रमिक स्वरुप Out of Pocket Expenses बाहेक रु. ७,२५,०००/- (अक्षरेपी सात लाख पच्चिस हजार मात्र) मु.अ. कर समेत प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. विषय-सूची नं. ४ बमोजिम सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. ९८,१६,८३,२००/- को ५.०५% ले हुने रु. ४,९५,७५,००१/६० ( अक्षरेपी चार करोड पन्चान्नब्बे लाख पचहत्तर हजार एक पैसा ६०/१०० मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

(ख) **विशेष प्रस्तावः**

१. विषय-सूची नं. १ बमोजिम श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. र अन्य उपयुक्त बैक तथा वित्तीय संस्थाहरु गाभ्ने गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न कम्पनीको चल/अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नकोलागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. विषय-सूची नं. २ बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरियो ।

(ग) **विविध**

विविध अन्तरगत छलफलकालागि अन्य विषय वस्तु नभएको व्यहोरा सभालाई जानकारी गराइयो ।

६. <u>**धन्यवाद ज्ञापन तथा सभा विसर्जन**</u>

अन्त्यमा, कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने कर्मचारीहरु, नियमनकारी निकायहरुलाई समेत धन्यवाद दिँदै उनन्तिसौं वार्षिक साधारणसभामा उपस्थित भई उत्साह पूर्वक छलफलमा सहभागि भई प्रस्तावित विषय-वस्तुहरु पारित गरि दिनु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरुबाट सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद दिदैं सभाध्यक्षज्यूले सभा विसर्जनको घोषणा गर्नु भयो ।

.............................
खिम बहादुर कार्की
कम्पनी सचिव

.............................
शशिराज पाण्डे
अध्यक्ष